श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३९ सालको ऐन नं. ११

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### अर्थसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः अर्थसम्बन्धी केही नेपाल ऐनहरूलाई संशोधन गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "अर्थसम्बन्धी केही नेपाल ऐन संशोधन ऐन, २०३९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. लेखापरीक्षकसम्बन्धी ऐन, २०३१ मा संशोधनः लेखापरीक्षकसम्बन्धी ऐन, २०३१ को,–

(१) दफा २ को खण्ड (क) पछि देहायको खण्ड (क १.) थपिएको छः–

"(क १.) "लेखा वा लेखापरीक्षणको अनुभव" भन्नाले सरकारी कार्यालय वा संस्थान, त्रिभुवन विश्वविद्यालय, पब्लिक वा प्राइभेट लिमिटेड कम्पनी, यस ऐन बमोजिम दर्ता भएको लेखापरीक्षक

३६७६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संस्था वा महालेखापरीक्षकले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको कुनै कार्यालय वा संस्थामा लेखा वा लेखापरीक्षणको काम गरेको सम्झनुपर्छ ।"

(२) दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः–

"४. लेखापरीक्षकको वर्गीकरण र अधिकारः (१) देहायको योग्यता र अनुभवको आधारमा लेखापरीक्षकलाई देहायबमोजिम वर्गीकरण गरिनेछः–

(क) चार्टर्ड एकाउन्टेन्सी वा सो सरह उत्तीर्ण भै पाँच वर्षको लेखा वा लेखापरीक्षणको अनुभव भएको व्यक्तिलाई "क" वर्ग,

(ख) चार्टर्ड एकाउन्टेन्सी वा सो सरह उत्तीर्ण भएको वा एम. कम. वा एम. ए. उत्तीर्ण भै दुई वर्षको लेखा वा लेखापरीक्षणको अनुभव भएको वा वाणिज्य स्नातक भै पाँच वर्षको लेखा वा लेखापरीक्षणको अनुभव भएको व्यक्तिलाई "ख" वर्ग,

(ग) वाणिज्य स्नातक भै लेखा वा लेखापरीक्षणको दुई वर्षको अनुभव भएको वा कुनै विषयमा स्नातक भै तीन वर्षको लेखा वा लेखापरीक्षणको अनुभव भएको वा अधिकृत स्तरको पदमा रही पाँच वर्षको लेखा वा लेखापरीक्षणको अनुभव भएको व्यक्तिलाई "ग" वर्ग,

(घ) अधिकृत स्तरको पद भन्दा एक वा दुई तहमुनिको पदमा वा दुवै तहको पदमा गरी पाँच वर्षको लेखा वा लेखापरीक्षणको अनुभव भएको व्यक्तिलाई "घ" वर्ग ।

(२) उपदफा (१) बमोजिम वर्गीकरण गरिएका लेखापरीक्षकले देहायको हदसम्मको लेखापरीक्षण गर्न सक्नेछः–

(क) "क" वर्गका लेखापरीक्षकले जतिसुकै रूपैयाँको कारोवार हुने संस्थाको,

(ख) "ख" वर्गका लेखापरीक्षकले दश करोड रूपैयाँसम्मको कारोवार हुने संस्थाको,

(ग) "ग" वर्गका लेखापरीक्षकले दुई करोड रूपैयाँसम्मको कारोवार हुने संस्थाको, र

(घ) "घ" वर्गका लेखापरीक्षकले पच्चीस लाख रूपैयाँसम्मको कारोवार हुने संस्थाको ।

366

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "कारोवार" भन्नाले वासलात तयार गर्ने संस्थाको हकमा जम्मा सम्पत्ति वा दायित्वलाई र अरूको हकमा आम्दानी वा खर्चलाई सम्झनुपर्छ ।"

(३) दफा १४ को उपदफा (१) पछि देहायको उपदफा (१ क.) थपिएको छः–

"(१ क.) महालेखापरीक्षकले तोकेको महालेखापरीक्षकको विभागको निर्देशकले अनुशासन समितिको सचिव भई काम गर्नेछ ।"

३. वाणिज्य बैंक ऐन, २०३१ मा संशोधनः वाणिज्य बैंक ऐन, २०३१ को,–

(१) प्रस्तावनामा रहेको "उद्योग, व्यापार र वाणिज्यलाई" भन्ने शब्दहरूको सट्टा "कृषि, उद्योग र वाणिज्यलाई" भन्ने शब्दहरू राखिएका छन् ।

(२) दफा २ को खण्ड (त १) पछि देहायको खण्ड (त २) थपिएको छः–

"(त २) "पूंजी कोष" भन्नाले भुक्तानी पूंजी, साधारण जगेडा कोष र बाँडफाँट नगरिएको नाफा समेतलाई सम्झनुपर्छ ।"

(३) दफा ३ को उपदफा (१) पछि देहायको उपदफा (१ क.) थपिएको छः–

"(१ क.) उपदफा (१) बमोजिम बैंक स्थापना गर्नको लागि सिफारिश गर्दा राष्ट्र बैंकले आवश्यक शर्तहरू तोक्न सक्नेछ र यसरी तोकिदिएका शर्तहरू पूरा गर्नु सम्बन्धित बैंकको कर्तव्य हुनेछ ।"

(४) दफा ५ को उपदफा (४) पछि देहायको उपदफा (४ क.) थपिएको छः–

"(४ क.) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारको पूर्ण स्वामित्व वा अधिकांश शेयर भएको बैंक बाहेक अन्य बैंकमा रहने संचालकहरूमध्ये दुई जना संचालकहरू श्री ५ को सरकारले मनोनयन गर्न सक्नेछ र सो अधिकार श्री ५ को सरकारले राष्ट्र बैंकलाई सुम्पन सक्नेछ ।"

(५) दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः–

"६. संचालक समितिको अधिकारः शेयरहोल्डरहरूको साधारण सभाबाट हुने काम बाहेक यस ऐन बमोजिम बैंकले गर्ने सबै काम कारवाई बैंकको नाममा संचालक समितिले गर्नेछ र संचालक समितिले आफूले प्रयोग गर्न पाउने अधिकारहरूमध्ये सबै वा केही अधिकार अध्यक्ष, संचालक, संचालकहरूको उप-समिति, महाप्रवन्धक वा बैंकका अरू पदाधिकारीलाई सुम्पन सक्नेछ । अध्यक्ष वा महाप्रवन्धकले आफ्नो अधिकार आफ्नो जवाफदेहीमा आफूभन्दा मुनिका पदाधिकारी कर्मचारीहरूलाई सुम्पन सक्नेछ ।"

(६) दफा ७ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः–

"(३) शेयरहोल्डरको मताधिकार शेयरको अनुपात बमोजिम

368

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुनेछ। तर संचालकहरूको निर्वाचन गर्ने वा हटाउने प्रस्ताव पारित गर्दा एक जना शेयरहोल्डरले जतिसुकै शेयर लिएको भए तापनि पैंतालीस भन्दा बढी मत दिन पाउनेछैन।"

(७) दफा ११ को,–

(क) उपदफा (१) मा रहेको "एक सय बीस दिन" भन्ने शब्दहरूको सट्टा "एक सय अस्सी दिन" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (२) मा रहेको "संचालक समितिमा राष्ट्र बैंकको प्रतिनिधि नभएको" भन्ने शब्दहरू झिकिएका छन्।

(८) दफा १२ को,–

(क) खण्ड (घ) मा रहेको "कृषि, उद्योग वा व्यापारको" भन्ने शब्दहरूको सट्टा "कृषि, उद्योग, व्यापार, सिंचाइ, विद्युत् शक्ति उत्पादन वा श्री ५ को सरकारले तोकेको अन्य कुनै व्यवसायको" भन्ने शब्दहरू र "चालू पूंजी बाहेक प्रवर्द्धन वा विस्तारको कामको" भन्ने शब्दहरूको सट्टा "स्थिर पूंजीको" भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (ण) मा रहेको "मालवस्तुको" भन्ने शब्दहरूको सट्टा "चल अचल सम्पत्तिको" भन्ने शब्दहरू राखिएका छन्।

(९) दफा १४ पछि देहायको दफा १४ क. थपिएको छः–

"१४ क. पूंजी कोषसम्बन्धी व्यवस्थाः (१) बैंकले आफूसंग जम्मा रहेको कुल निक्षेपको राष्ट्र बैंकले तोकेको प्रतिशतमा नघट्ने गरी पूंजी कोष राख्नु पर्नेछ।

(२) आर्थिक वर्षको अन्त्यमा कुनै बैंकको पूंजी कोष उपदफा (१) बमोजिम राष्ट्र बैंकले तोकेको प्रतिशतभन्दा कम हुन गएमा त्यस्तो बैंकले पूंजी कोषमा नपुग भएको रकम अर्को आर्थिक वर्षभित्र आफ्नो खुद मुनाफाको रकमबाट साधारण जगेडा कोषमा सारी वा नयाँ शेयर निष्काशित गरी पूर्ति गर्नु पर्नेछ।"

(१०) दफा २५ मा रहेको "चार महीनाभित्र" भन्ने शब्दहरूको सट्टा "पाँच महीनाभित्र" भन्ने शब्दहरू राखिएका छन्।

(११) दफा ४१ को,–

(क) उपदफा (२) पछि देहायको उपदफा (२ क.) थपिएको छः–

"(२ क.) कसैले जानी जानी वा बदनियतसाथ कुनै काम कारवाई गरी बैंकलाई हानी नोक्सानी पुऱ्याएमा बैंकलाई भएको हानी नोक्सानीको बिगो असूल गरी निजलाई पाँच वर्षसम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरीवाना वा दुवै सजाय हुनेछ।"

(ख) उपदफा (३) मा रहेको "(१) र (२)" भन्ने शब्दहरूको सट्टा "(१), (२) र (२ क.)" भन्ने शब्दहरू राखिएका छन्।

३६८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१२) दफा ४७ को,–

(क) खण्ड (क) मा रहेको "नेपाली नागरिकलाई दिने बढीमा दुई लाख रूपैयाँसम्मको" भन्ने शब्दहरूको सट्टा "नेपाली नागरिक वा प्रचलित कानून बमोजिम स्थापित संस्थालाई दिने बढीमा दश लाख रूपैयाँसम्मको" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छः–

"(घ) बैंकसित सम्बन्धित कुनै किसिमको लिखतमा आय टिकट दस्तूर लाग्नेछैन ।"

(१३) दफा ४७ क. को सट्टा देहायको दफा ४७ क. राखिएको छः–

"४७ क. सम्झौता वा शर्त कबूलियत उल्लंघन गरेमा बैंकको अधिकारः

(१) कुनै व्यक्ति, संस्था वा उद्योगले बैंकसंग भएको कर्जाको सम्झौता वा शर्त कबूलियतको पालना नगरेमा वा लिखतको भाखाभित्र बैंकको कर्जा चुक्ता नगरेमा वा बैंकले जाँचबुझ गर्दा कर्जा लिएको रकम सम्बन्धित काममा नलगाएको वा हिनामिना भएको देखिएमा सम्बन्धित लिखत वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणीले बैंकलाई लेखिदिएको वा बैंकमा राखेको सुरक्षणलाई बैंकले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा व्याज असूल उपर गर्न सक्नेछ ।

(२) कर्जा लिने व्यक्ति, संस्था वा उद्योगले बैंकमा राखेको धितोको जायजेथामा कुनै किसिमले हक छोडी दिएमा वा अन्य कुनै कारणबाट बैंकमा राखेको धितोको मोल घट्न गएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैंकले तोकेको म्यादभित्र त्यस्तो व्यक्ति, संस्था वा उद्योगबाट सो बापत अरू थप धितो राख्न लगाउन सक्नेछ । बैंकले तोकेको म्यादभित्र कर्जा लिने व्यक्ति, संस्था वा उद्योगले त्यसरी थप धितो राख्न नसकेमा बैंकले आफ्नो साँवा व्याज बैंकमा राखेको सुरक्षणबाट लिलाम बिक्री गरी वा अरू कुनै व्यवस्था गरी असूल उपर गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम बैंकले लिलाम बिक्री गरी असूल उपर गर्दा त्यस्तो धितोबाट बैंकको साँवा व्याजको पूरा रकम असूल उपर हुन नसकेमा कर्जा लिने व्यक्ति, संस्था वा उद्योगको अरू जायजेथाबाट बैंकले लिलाम बिक्री गरी असूल उपर गर्न सक्नेछ ।

(४) यस दफा बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्था गरी असूल उपर गरी आएको रकमलाई सम्पत्ति लिलाम बिक्री

३८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा अन्य व्यवस्था गर्दा भएको खर्चको रकम र बैंकको साँवा व्याजको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित व्यक्ति, संस्था वा उद्योगलाई फिर्ता दिइनेछ ।

(५) यस दफा बमोजिम बैंकले लिलाम बिक्री गर्दा लिलाममा सकार्ने व्यक्तिको नाउँमा सो जायजेथा प्रचलित कानूनबमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनको लागि बैंकले सम्बन्धित कार्यालयमा लेखी पठाउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेजीको लागि बैंकबाट लेखी आएमा सम्बन्धित कार्यालयले पनि रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनु पर्नेछ ।

(७) यस दफा बमोजिम बैंकले लिलाम बिक्री गर्दा कसैले नसकारेमा बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ र त्यस्तो स्थितिमा सम्बन्धित सरकारी कार्यालयहरूले बैंकको जनाउ बमोजिम आफ्नो कार्यालयमा रहेको श्रेस्तामा तदनुसार रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनु पर्नेछ ।"

ड. बिनिमेय अधिकारपत्र ऐन, २०३४ मा संशोधनः बिनिमेय अधिकारपत्र ऐन, २०३४ को,–

(१) दफा १०६ पछि देहायका दफा १०६ क. र १०६ ख. थपिएका छन्:–

"१०६ क. नोटरी पब्लिकसम्बन्धी व्यवस्थाः नोटरी पब्लिकको योग्यता, प्रमाणपत्र, आचरण, दस्तूर र नोटरी पब्लिकसम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछन् ।

१०६ ख. नोटरी पब्लिकलाई हटाउनेः नोटरी पब्लिकलाई तोकिएको अवस्थामा श्री ५ को सरकारले हटाउन सक्नेछ ।"

(२) दफा १०७ पछि देहायको दफा १०७ क. थपिएको छः–

"१०७ क. सजायः बैंकमा आफ्नो निक्षेप छैन वा निक्षेप भएपनि पर्याप्त छैन भन्ने जानी जानी कुनै व्यक्तिले चेक काटी कसैलाई हस्तान्तरण गरेमा र त्यसरी हस्तान्तरण गरिएको चेक भुक्तानीको लागि सम्बन्धित बैंक समक्ष प्रस्तुत गर्दा पर्याप्त निक्षेप नभएको कारणबाट बैंकबाट चेक अनादर भएमा चेक काट्ने व्यक्तिबाट चेकमा उल्लेखित रकम र व्याज समेत धारकलाई भराई चेक काट्ने व्यक्तिलाई तीन महीनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरीवाना वा दुवै सजाय हुनेछ ।"

आज्ञाले,
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०३६।७।३।४

३५९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।